# वायुयान चालक तथा इन्जिनियरको उपयोग, नियन्त्रण र सेवा सुरक्षा सम्बन्धी आदेश, २०७०

**(पहिलो संशोधन स्विकृत मिति २०७३।६।७)**

वायुयानसँग सम्बन्धित घटना दुर्घटनामा सांगठनिक तत्व र मानवीय तत्वको भूमिका अत्यन्त महत्वपूर्ण हुँदै गएको परिप्रेक्ष्यमा वायुयान संचालन कार्यमा प्रत्यक्ष रुपमा संलग्न रहने वायुसेवा कम्पनी र त्यसमा कार्यरत वायुयान चालक एवम् इन्जिनियरहरु बीचको सेवाका शर्त तथा सुविधा सम्बन्धी विषयबस्तुलाई उडान सुरक्षाका दुष्टिले नियमनको दायरामा ♦ ल्याई हवाई सेवा क्षेत्रको स्वस्थ विकासलाई प्रोत्साहन गर्न आवश्यक देखिएको हुँदा नागरिक उड्डयन प्राधिकरणले नागरिक उड्डयन नियमावली २०५८ को नियम ८० को उपनियम (२) को (त) ले दिएको अधिकार प्रयोग गरी वायुयान चालक तथा इन्जिनियरको उपयोग, नियन्त्रण र सेवा सुरक्षा गर्ने सम्बन्धमा देहायको आदेश, २०७० जारी गरी लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यो आदेशको नाम "वायुयान चालक तथा इन्जिनियरको उपयोग, नियन्त्रण र सेवा सुरक्षा सम्बन्धी आदेश, २०७० " रहेको छ ।

(ख) यो आदेश महानिर्देशकबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा :-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा :

(क) "प्राधिकरण" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल नागरिक उड्डयन प्राधिकरणलाई सम्झनु पर्छ ।

(ख) "महानिर्देशक" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा १९ बमोजिम नियुक्त महानिर्देशकलाई सम्झनु पर्छ ।

(ग) "संचालक समिति" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा १३ अनुरुप गठन भएको संचालक समितिलाई सम्झनु पर्छ ।

(घ) "वायुसेवा कम्पनी" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८ को नियम ४ बमोजिम प्राधिकरणबाट वायुसेवा संचालन प्रमाणपत्र प्राप्त गरेको वायुसेवा कम्पनी सम्झनु पर्छ ।

---

♦ पहिलो संशोधनद्वारा थप गरिएको ।

(ङ) "वायुयान चालक" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८ बमोजिम वायुयान चालक ईजाजत पत्र वा रेटिंग वा अख्तियारपत्र प्राप्त वायुयान चालक सम्झनु पर्छ ।

(च) "नियुक्ति पत्र" भन्नाले वायुसेवा कम्पनीले आफ्नो वायुयान संचालन गर्ने अभिप्रायले वायुयान चालक तथा इन्जिनियरको पदमा कार्यगर्ने गरी दिएको नियुक्ति पत्र सम्झनु पर्छ । सो शब्दले वायुयान चालक तथा ईन्जीनियरको सेवा प्राप्त गर्ने गरी वायुसेवा कम्पनीले प्रदान गरेको जुनसुकै लिखत समेतलाई जनाउनेछ ।

(छ) "इन्जिनियर" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८ बमोजिम वायुयान मर्मत सम्भार गर्ने इजाजतपत्र, रेटिंग वा अख्तियारपत्र प्राप्त ♦व्यक्तिलाई सम्झनुपर्छ ।

(ज) "तलब भत्ता" भन्नाले वायुसेवा कम्पनीले आफ्नो कम्पनीको नियमानुसार कार्यरत वायुयान चालक तथा इन्जिनियरलाई वितरण गर्ने मासिक पारिश्रमीक सम्झनु पर्छ । सो शब्दले वायुयान चालकलाई वायुसेवा कम्पनीले ग्यारेण्टी गरेको उडान घण्टा भन्दा बढी अवधि वायुयान उडान गर्दा कम्पनीबाट पाउने थप उडान भत्ता लगायत अन्य सुविधा समेतलाई जनाउनेछ ।

(ञ) "बण्ड" भन्नाले वायुयान चालक तथा इन्जिनियरले आफू कार्यरत रहेको कम्पनीलाई गरी दिएको वण्ड (प्रतिज्ञा पत्र) लाई सम्झनु पर्छ ।

(ट) "व्यवस्थापन" भन्नाले वायुसेवा कम्पनीको अधिकार प्राप्त व्यवस्थापनलाई समेत जनाउनेछ । सो शब्दले वायुसेवा कम्पनीको संचालक समितिलाई समेत जनाउनेछ ।

(ठ) "ईजाजत पत्र" भन्नाले प्राधिकरणले तोकेको Requirements पूरा गरी व्यक्तिले प्राप्त गरेको पाईलट वा वायुयान मर्मत प्राविधिक ईजाजत पत्र (Pilot License/ Aircraft Maintenance Technician License) सम्झनु पर्दछ ।

## ३. **उद्देश्य :-**

यस आदेशको उद्देश्य देहाय बमोजिम रहेको छ :

(१) वायुसेवा कम्पनी र त्यसमा कार्यरत रहने वायुयान चालक एवम् इन्जिनियरहरु वीचको सेवाका शर्त तथा सुविधा सम्बन्धी विषयबस्तुमा स्पष्टता ल्याउने ।
(२) वायुसेवा कम्पनी र वायुयान चालक तथा इन्जिनियर बीच सेवाका शर्त तथा सुविधा सम्बन्धी विषयमा हुन सक्ने असमझदारीलाई छिटो छरितो ढंगले समाधान गर्ने ।
(३) उडान सुरक्षाका दृष्टिले सम्बेदनशिल मानिने वायुयान चालक तथा इन्जिनियर जस्ता जनशक्तिको सेवा तथा सुविधाको नियमन गर्ने ।

---
♦ पहिलो संशोधनद्वारा थप गरिएको ।

(४) दक्ष जनशक्तिको उपयोगमा वायुसेवा कम्पनीहरु बीच हुने अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गर्ने ।

(५) वायुयान संचालन जस्तो जिम्मेवारी युक्त कार्यक्षेत्र भएका वायुयान चालक तथा इन्जिनियर ♦ को हीतको संरक्षण गरी उच्च पेशागत मर्यादा कायम गराउने ।

(६) नेपालमा उड्डयन सुरक्षालाई सुदृढिकरण गर्न आवश्यक सघाउ पुर्‍याउने ।

## ४. नियुक्ति :-

(१) वायुसेवा कम्पनीले वायुयान संचालन गर्न आवश्यक पर्ने जनशक्तिको सेवा, शर्त र सुविधा सम्बन्धमा स्पष्ट प्रावधान राखी नियमावली तर्जुमा गरी लागू गर्नुपर्नेछ ।

(२) वायुसेवा कम्पनीले वायुयान चालक तथा इन्जिनियरलाई कम्पनीको कर्मचारी नियमावली तथा प्रचलित कानून बमोजिम नियुक्ति गरी काममा लगाउन सक्नेछ ।

(३) वायुसेवा कम्पनीले Air Operator Certificate Requirements (AOCR), Flight Operation Requirements (FOR) र Nepalese Civil Aviation Requirements (NCAR) ले निर्दिष्ट गरेको जनशक्ति अनिवार्य रुपमा व्यवस्था गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्ति पाएका वायुयान चालक तथा इन्जिनियरले वायुसेवा कम्पनीसंग गरेको करार, कम्पनीको नियमावली र प्राधिकरणबाट स्वीकृत म्यानुअलको पालना गर्नु पर्नेछ ।

## ५. तलब, भत्ता तथा अन्य सुविधा :

(१) वायुसेवा कम्पनीले आफ्ना वायुयान चालक तथा इन्जिनियरको तलब तथा भत्ता महिना व्यतित भएको पहिलो हप्ताभित्र भुक्तानी गर्नु पर्नेछ ।

(२) तलब भत्ता वितरण गर्दा संचयकोष रकम तथा नागरिक लगानी कोष रकम लगायतका कोषमा जम्मा गर्नुपर्ने रकम कट्टी गरिएको भएमा वा कट्टी गर्नुपर्ने भएमा त्यसरी कटटी गरेको रकम सम्वन्धीत कोषको नियममा तोके वमोजिमको अवधि भित्र जम्मा गर्नु पर्नेछ ।

(३) वायुसेवा कम्पनीले वायुयान चालक तथा इन्जिनियरको नियमानुसार गर्नुपर्ने विमा र सो को प्रिमियम वापतको भुक्तानी समयमै गर्नुपर्ने छ ।

(४) वायुसेवा कम्पनीले आफ्नो कम्पनीमा कार्यरत वायुयान चालक तथा इन्जिनियरको संचयकोष, नागरिक लगानी कोष लगायतका अन्य जुनसुकै कोषमा रकम कट्टी गरी जम्मा गरिएको भए त्यस्तो रकमको हर हिसाव सम्बन्धित व्यक्तिले हेर्न चाहेमा महिनाको

---

♦ पहिलो संशोधनद्वारा थप गरिएको ।

एक पल्ट सम्बन्धित व्यक्तिलाई अनिवार्य रुपमा व्यवस्थापनले हिसाब उपलब्ध गराउनु पर्नेछ ।

(५) आफ्नो कम्पनीमा कार्यरत वायुयान चालक तथा इन्जिनियरको तलब भत्ता समयमा भुक्तानी नगर्ने वायुसेवा कम्पनीको नेपाल नागरिक उडडयन प्राधिकरणले उडानमा रोक ♦लगाई सो कम्पनीको वित्तिय अवस्थाको छानविन गरी आवश्यक कारवाही गर्न सक्नेछ ।

६. **बण्ड गराउने :**

(१) वायुयान संचालनको सिलसिलामा वायुयान चालक तथा इन्जिनियरलाई सिप तथा दक्षता अभिवृद्धि गराउन वायुसेवा कम्पनीको खर्चमा त्यस्ता वायुयान चालक तथा इन्जिनियरलाई तालिममा खटाउँदा वायुसेवा कम्पनीमा निश्चित अवधिसम्म काम गर्नुपर्ने शर्त राखी व्यवस्थापनले तालिममा जानेलाई वण्ड (प्रतिज्ञा पत्र) गराउन सक्नेछ ।

(२) कम्पनीले जुन किसिम (Type) को वायुयान संचालनको निमित्त वायुयान चालक तथा इन्जिनियरलाई तालिम दिएको हो सो वायुयान संचालन योजना एक वर्ष भित्र कार्यान्वयन हुन नसकेको खण्डमा वा कम्पनीले उक्त वायुयानको सेवा बन्द गरेमा उपदफा (१) बमोजिम गरिएको वण्ड स्वतः रद्द भएको मानिनेछ । साथै वण्डमा उल्लेखित दायित्व सम्बन्धित जनशक्तिले बहन गर्नुपर्ने छैन ।

७. **व्यवस्थापनको अधिकार :**

(१) व्यवस्थापनले आफ्नो कम्पनीमा कार्यरत वायुयान चालक तथा इन्जिनियरलाई वायुयान संचालनको निमित्त प्रचलित कानून बमोजिम काममा लगाउने सक्नेछ ।

(२) उपदफा (१) अनुसार काममा लगाएकोमा वायुयान चालक तथा इन्जिनियरले आफ्नो जिम्मेवारी इमान्दार, लगनशील भई समयमा सम्पादन गर्नु पर्नेछ ।

(३) कुनै वायुयान चालक तथा इन्जिनियरले उपदफा (१) अनुसार व्यवस्थापनले लगाएको काम पुरा नगरी आलटाल गरेमा निज उपर व्यवस्थापनले प्रचलित श्रम ऐन नियम तथा कम्पनीको नियमानुसार कारवाही गर्न सक्नेछ ।

८. **लगत पठाउने :**

वायुसेवा कम्पनीले आफ्नो कम्पनीमा कार्यरत वायुयान चालक तथा इन्जिनियरको अध्यावधिक लगत ♦ वायुसेवा संचालन अनुमति पत्र नविकरण गर्दा वा महानिर्देशकले माग गरेको बखत नेपाल नागरिक उड्डयन प्राधिकरणमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

---

♦ पहिलो संशोधनद्वारा थप गरिएको ।

## ९. कार्यरत वायुसेवा कम्पनी छोड्न सक्ने :

(१) वायुसेवा कम्पनीले उपदफा ५ (१) अनुसार वायुयान चालक तथा इन्जिनियरलाई मासिक रुपमा दिनु पर्ने तलब भत्ता लगातार तीन महिनासम्म नदिई बाँकी राखेमा त्यस्ता वायुयान चालक तथा इन्जिनियरले व्यवस्थापनलाई १५ दिनको अग्रिम सूचना दिई कम्पनी छाड्न सक्नेछ । यसरी कम्पनी छाड्ने जनशक्तिले नियमानुसार पाउनुपर्ने तलब, भत्ता तथा अन्य सुविधा कम्पनीले अविलम्ब भुक्तानी गरिदिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम वायुसेवा कम्पनी छोड्ने वायुयान चालक तथा इन्जिनियरलाई निजले नियमानुसार पाउनु पर्ने तलव, भत्ता तथा अन्य सुविधा नदिने वायुसेवा कम्पनीको महानिर्देशकले उडान रोक्का गर्ने आदेश दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको अवस्था वाहेक वायुयान चालक वा इन्जिनियर ले कम्पनी छाड्नु पर्दा ♦वा कम्पनीले वायुयान चालक वा इन्जिनियर लाई सेवा वाट हटाउनु पर्दा कम्तीमा एक बर्ष पहिले कम्पनीलाई सोको सम्बन्धमा लिखित रुपमा जनाउ गर्नुपर्नेछ ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कम्पनी र वायुयान चालक तथा इन्जिनियर वीच सेवाका शर्त र सुविधा सम्बन्धी अन्य व्यवस्थाहरु कर्मचारी नियमावली वा करारमा उल्लेख गरिएको भए सोही बमोजिम हुनेछ ।

(५) उपदफा (१), (२), (३) र (४) मा उल्लेख गरिएको अवस्था वाहेक मनलागी ढंगले वायुसेवा कम्पनी छाड्ने वायुयान चालक वा इन्जिनियरको इजाजतपत्र उपयोगमा महानिर्देशकले आवश्यकतानुसार रोक लगाउन सक्नेछ ।

(६) यस आदेशको दफा ७ वमोजिम वायुसेवा कम्पनीसँग वण्ड गरेको वायुयान चालक तथा इन्जिनियर सो वण्डको अवधि कायम रहेसम्म आफू कार्यरत वायुसेवा कम्पनी छोडी अन्य वायुसेवा कम्पनीको सेवामा प्रवेश गर्दा आफू कार्यरत कम्पनीको स्वीकृती अनिवार्य रुपमा प्राप्त गरेको हुनु पर्नेछ । यसरी साविकको कम्पनीको स्वीकृति प्राप्त नगरी सेवा छोड्ने वायुयान चालक वा इन्जिनियरले यसबाट उक्त वायुसेवा कम्पनीलाई कुनै हानी नोक्सानी हुन गएमा सोको क्षतिपूर्ति व्यहोर्नु पर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानून बमोजिम स्वास्थ्य वा अन्य कुनै कारणले सेवाका लागि अयोग्य वा असक्षम ठहर भएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ती व्यहोर्नुपर्ने छैन ।

## १०. आपतकालिन अवस्थामा काममा लगाउन सक्ने :

(१) कुनै दैवी प्रकोप परेमा, देशको शान्ति सुरक्षामा खलल परेमा वा पर्न सक्ने अवस्था भएमा, देशमा वायुसेवा संचालनमा वायुयान चालक तथा इन्जिनियरको अभावले वाधा पर्न जाने

---

♦ पहिलो संशोधनद्वारा थप गरिएको ।

जस्ता आपतकालिन अवस्थामा वायुसेवा कम्पनीको अनुरोध वा महानिर्देशक स्वयंले त्यस्ता वायुयान चालक तथा इन्जिनियरलाई कुनै निश्चित अवधिसम्मको लागि काम गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) अनुसार महानिर्देशकले दिएको आदेश पालना नगर्ने वायुयान चालक तथा इन्जिनियरको महानिर्देशकले इजाजतपत्र निलम्बन गर्न सक्नेछ ।

## ११. वायुसेवा कम्पनीहरु बीच जनशक्ति उपयोग गर्ने :

सामान्यतया कुनै एक वायुसेवा कम्पनीले अर्को वायुसेवा कम्पनीको वायुयान चालक वा इन्जिनियर उपयोग गर्न पाउने छैन, तर विशेष परिस्थितिबश एक वायुसेवा कम्पनीले अर्को वायुसेवा कम्पनीको जनशक्ति उपयोग गर्नु पर्ने भएमा लिखित रुपमा समझदारी गरी महानिर्देशकको स्विकृती लिनु पर्नेछ ।

## १२. वायुसेवा कम्पनीको व्यवस्थापनको पदमा कार्य गर्ने वायुयानचालक सम्बन्धमा :

वायुयान चालकले वायुसेवा कम्पनीको व्यवस्थापन पद ग्रहण गरेमा निजले गर्ने उडान सम्बन्धमा निम्नानुसार गर्नु पर्नेछ -

(१) वायुसेवा कम्पनीको अपरेसन्स निर्देशक वा उडान सुरक्षा निर्देशक वा अन्य व्यवस्थापनका पदमा कार्यरत वायुयान चालकको हकमा विमान (Aeroplane) मा एक महिनामा बढीमा ५० घण्टा र हेलिकप्टरमा एक महिनामा बढीमा ४० घण्टा भन्दा बढी उडान गर्न हुँदैन ।

(२) उपदफा (१) मा गरिएको व्यवस्थाको परिपालन गर्नु गराउनु सम्बन्धित वायुसेवा कम्पनीको कर्तव्य हुनेछ । यसको उल्लंघन गर्ने वायुयान चालक तथा कम्पनी समेतलाई महानिर्देशकले उडानमा रोक लगाउन सक्नेछ ।

## १३. विवादको समाधान :

(१) वायुसेवा कम्पनी र वायुयान चालक तथा इन्जिनियर बीच यस आदेशमा उल्लेखित विषयमा कुनै विवाद उत्पन्न भएमा त्यसको समाधानका निमित्त महानिर्देशक समक्ष दुवै पक्षले लिखित अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसारको लिखित अनुरोध प्राप्त हुन आएमा महानिर्देशक वा निजले तोकेको पदाधिकारीले दुवै पक्षलाई आफू समक्ष उपस्थित गराई आपसी छलफलबाट समस्याको समाधान गर्न सक्नेछ ।

(३) महानिर्देशकले दिएको समाधानमा चित्त नवुझेमा दुवै पक्ष कानूनी उपचारको बाटो अवलम्बन गर्न स्वतन्त्र हुनेछन् ।

**१४. आदेशको व्याख्या :**

यो आदेशको व्याख्या गर्ने अधिकार महानिर्देशकलाई हुनेछ । महानिर्देशकले गरेको व्याख्यामा चित्त नबुझ्ने पक्षले संचालक समितिमा पुनः व्याख्याको निमित्त अनुरोध गर्न सक्नेछ ।

**१५. वाधा अड्काउ फुकाउ :**

यो आदेश कार्यन्वयन गर्ने सिलसिलामा कुनै वाधा अड्चन आएमा सो वाधा अड्चनलाई महानिर्देशकले फुकाउन सक्नेछ ।

**१६. संशोधन गर्ने :**

यस आदेशमा भएका व्यवस्थाहरुलाई प्रचलित ऐन, नियम, नियमावली तथा सम्बन्धित अन्य प्रावधान प्रतिकुल नहुने गरी महानिर्देशकले समयानुकूल संशोधन गर्न सक्नेछ ।

**१७. यो आदेश लागू हुने :**

वायुसेवा कम्पनी र त्यसमा कार्यरत वायुयान चालक तथा इन्जिनियर बीच भएको सम्झौतामा जुनसुकै कुरा लेखिएको भए तापनि यो आदेशमा लेखिएका कुराहरुका हकमा यसै आदेश बमोजिम हुनेछ ।

**१८. बचाउ :**

यो आदेश प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

❖